मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

'एक्सेलमा खाता सुरक्षित हामी त'

एक्सेल हाम्रो सुरक्षा बचत खाता

अब स्थानीय बैंकको खातामै पाउनुहोस् परिवारकै बिमा सुरक्षाको सुविधा ।

रू. १ करोड ५० लाखसम्मको बिमा सुविधा

- १ करोडसम्मका दुर्घटना तथा पूर्ण अशक्तता बिमा
- ४० लाखसम्मको १८ घातक रोगहरुबिरुद्धको बिमा
- १० लाखसम्मको औषधि उपचार बिमा

वार्षिक ७ प्रतिशत ब्याजदर

भिषा डेबिट कार्ड र स्मार्ट बैंकिङमा विशेष छुट ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

◆ वर्ष : २४ ◆ अङ्क : ३३१ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक ७ गते बिहीवार (Thursday, October 24. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## बलात्कारपछि हत्यामा संलग्न गौतम १९ वर्षपछि पक्राउ

**झापा, कात्तिक ६।** देशभर बलात्कारका घटना बढिरहेका बेला प्रहरी दुई दशक अघिको बलात्कारपछि हत्यामा संलग्न एक व्यक्तिलाई पक्राउ गर्न सफल भएको छ ।

झापाको चन्द्रगढीमा बलात्कारपछि हत्या गरेर अमेरिका फरार भएका एक व्यक्ति १९ वर्षपछि पक्राउ परेका हुन् । बुधबार बिहान टर्की एयरको विमानबाट काठमाडौं विमानस्थलमा ओर्लनासाथ नेपाल प्रहरीको एक टोलीले झापाको चन्द्रगढी-३का लीलाराज गौतमलाई पक्राउ गरेको हो । विमानबाट ओर्लने बित्तिकै अमेरिकाबाट नेपाल आइपुगेका गौतमलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

एक दशकदेखि अमेरिकामा बसोबास गर्दै आएका चन्द्रगढी-३का ४२ वर्षीय गौतमलाई इन्टरपोल वाशिङ्टनको सक्रियतामा सन् २०१८ फेब्रुअरी १३मा पक्राउ गरी अमेरिकाकै हिरासतमा राखिएको थियो । नेपाल प्रहरीले गरेको निरन्तरको पत्राचारपछि अमेरिकी अध्यागमनका न्यायाधीशले सन् २०१८ सेप्टेम्बर ५मा उनलाई नेपाल पठाउने आदेश दिएका थिए । सोही आदेश अनुसार उनलाई टर्किस एयरबाट बुधबार काठमाडौं ल्याइएको हो ।

**यस्तो थियो घटना**

चन्द्रगढी-३की सन्ध्या राजवंशी वि.सं. ०५७ साल असोज २९ गते राति चारआली जंगल छेउको रुखमा झुण्डिएको अवस्थामा मृत भेटिइन् ।

सन्ध्यालाई सामुहिक बलात्कार गरेर घाँटी थिची हत्या गरी रुखमा झुण्ड्याइएको अभियोगमा प्रहरीले लीलाराज गौतम, मनोज खड्का र सीताराम बस्नेतलाई पक्राउ गरी मुद्दा चलायो । घटनाको भोलिपल्ट असोज ३० गते मृतकका बुवा राजकुमार राजबंशीले जिल्ला प्रहरी कार्यालय झापामा दिएको जाहेरीका आधारमा तीन जनाविरुद्ध मुद्दा अगाडि बढेको थियो ।

तर, झापा जिल्ला अदालतले ०५८ कात्तिक २१ गते लीलाराज गौतमलाई मुद्दाबाट सफाइ दियो । सोही साल चैत २८ गते पुनरावेदन अदालत इलामले पनि जिल्ला अदालतकै फैसलालाई सदर गर्दै गौतमलाई जोगायो ।

हत्याको घटना भएको ९ वर्षपछि सर्वोच्च अदालतले ०६६ साल भदौ २९ गते अर्को फैसला सुनायो । सर्वोच्चले तल्ला अदालतको फैसलालाई उल्ट्याउँदै लीलाराज गौतम समेतलाई जन्मकैदको सजाय सुनायो । सर्वोच्चले यस्तो फैसला सुनाउँदा गौतम प्रहरीको पञ्जाबाट उम्किसकेका थिए ।

प्रतिवादी गौतम ०५७ कात्तिक १देखि ०५८ साउन ३२ सम्म १० महिना थुनामा परेका

(बाँकी पृष्ठ २मा)




### मन्टेश्वरी तालिममा भर्ना खुल्यो

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ कात्तिक १७ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी भर्ना खुलेको जानकारी गराउँदछौं ।

नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

### ग्रील पसल विक्रीमा

झापाको अर्जुनधारा-८स्थित शनिश्चरे बजारमा चालूअवस्थामा रहेको ग्रिल पसल विक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला । सम्पर्क : ९८०८०१८४६०

### दीपावली तथा छठ पर्वको अवसरमा विरामीहरूको लागि खुशीको खबर

थाइराइड जाँच- १२००
किड्नी जाँच- १०००
चिनी रोग(सुगर)- १००
~~२३००~~
अब मात्र ५00 मा

*यो अवसर सीमित अवधिको लागि मात्र ।*
यहाँ विशेषज्ञ डाक्टरहरुको सेवा उपलब्ध छ र औषधि शुपथ मूल्यमा पाइन्छ ।

सनसाइन मेडिसिन सेन्टर
भद्रपुर रोड, सानिमा बैंक अगाडि, बिर्तामोड, झापा
०२३-५४४१३२, ९८५२६८२६८८

### पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **असोज ६, ७ र ८** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

### कर्मचारी आवश्यकता

माता पाथीभरा बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-१ लाई निम्न अनुसारका कर्मचारी आवश्यकता परेको हुनाले इच्छुकले तु-सम्पर्क गर्नुहुन अनुरोध छ ।

पदः **लेखा अधिकृत-** संख्या १ जना

योग्यताः BBS पास वा सो सरह, कम्प्युटरमा दक्ष, सहकारी सम्बन्धी ज्ञान भएको अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ ।

**बजार प्रतिनिधि-** ४ जना योग्यताः एसएलसी वा सो सरह

पाथीभरा बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड, झापा (०२३-५४४२४१, ९८५२६७२५९६)






श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७९९०२५९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## विष्फोटक पदार्थ रोक

गृह मन्त्रालयले पटाकाजन्य वस्तुको आयात एवम् प्रयोगमा कडाइ गर्ने भएको छ । सरकारले प्रत्येक तिहारमा यस्ता प्रज्ज्वलनशील पदार्थको आयातमा कडाइ गर्दै आएको छ । तर, पटाका लगायतका प्रज्ज्वलनशील एवम् विष्फोटक पदार्थहरुको प्रयोग वर्षेनि बढ्दै गएको छ। सरकारले कानून बनाउने तर कार्यान्वनयमा प्रभावकारी उपस्थिति नदेखाउँदा कडाइको सूचना केवल परम्परागत र 'बिरालो बाँध्ने' शैलीमात्रै भएको छ । तिहारलाई लक्षित गर्दै भुइँचम्पा, आतिसबाजी, पटाका लगायतका वस्तुको आयातमा वर्षेनि करोडौं रुपैयाँ खर्च भइरहेको छ जो स्वयम्का लागि अहितकर समेत छ ।

पटाका जस्ता विष्फोटक पदार्थको विष्फोटनबाट उत्पन्न हुने धुँवा, ध्वनीले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्छ । अझ बालबालिका, वृद्ध एवम् रोगीका लागि अत्यन्त हानीकारक छ । एकातिर पैसाको दुरुपयोग अर्कातिर स्वास्थ्यमा पुऱ्याउने क्षतिले आंकलन नगर्ने हो भने यसले पार्ने दूरगामी असरलाई शब्दमा बयान गर्न गाह्रो छ । तिहारलाई नेपाली संस्कार र संस्कृतिमा पूजा, आराधना, सेवा र समर्पणको दृष्टिले हेरिन्छ । तर, हामीकहाँ अहिले विकास भइरहेको आयातित र कुसंस्कारले संस्कृति मासिने मात्र होइन, अङ्गभङ्ग हुने, रोगहरुको घर बनाउन सहयोग गर्ने र प्रदुषण बढाउने कारकतत्वका रुपमा लिनु बुद्धिमानी हुन्छ ।

वर्षेनि पटाकाकै कारण आगलागी हुने गरेको छ । तिहारकै नाममा जुवातासमा रमाउने बानीले एकातिर आफ्नो 'वनबास' हुने, पारिवारिक विचलन आउने गरेका उदाहरण पनि छन् । तासकै आयातमा करोडौं रुपैयाँ खर्च भइरहेको तथ्यांक पनि सार्वजनिक भइरहेकै छ । यो भन्दा पनि डरलाग्दो विमारका रुपमा बढ्दै गएको विष्फोटक पदार्थको उपभोगलाई फेदमै नियन्त्रण गर्न जरुरी छ । त्यसका लागि सुरक्षा निकायको भूमिका सर्वाधिक महत्वको रहन्छ । खुल्ला सीमानाका कारण प्रतिबन्धित वस्तु चोरी पैठारी भइरहेको तर्फ प्रहरी प्रशासनको गम्भीर अग्रसरता र इच्छाशक्ति देखिएन भने गृहमन्त्रालयको निर्देशन 'कागजको खोस्टा' मात्र साविक हुनेछ ।

आयात गरिने वस्तु मानव जीवनका लागि अत्यावश्यकीय हुनुपर्छ क्षणिक लाभका निम्ति अथवा आत्मरतिका लागि भित्र्याइने विष्पोटक पदार्थ, लागूऔषध र तास जस्ता वस्तु पूर्णरुपले सधैं–सधैंका लागि रोक लगाउनु राष्ट्रिय हितमा हुन्छ । त्यसकारण पनि सीमानाकामा सुरक्षाका लागिबस्ने जनपद, सशस्त्र लगायतका प्रहरी प्रशासन र भन्सार लगायतका चेकपोष्टहरुबाट प्रतिबन्धको निर्देशनले अक्षरशः पालना गरिनु पर्दछ । गृहको निर्देशनसँगै खासगरी सीमावर्ती जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुले पनि चाडबाड लक्षित यस्ता सूचनाहरु सम्प्रेषण गर्ने गरेका छन् । तर, त्यस्ता निर्देशन बजार क्षेत्रहरुमा निष्प्रभावी हुने गरेको सन्दर्भमा आउँदै गरेको तिहार प्रहरी र प्रशासन दुबैका लागि चुनौति बनेका छन् । स्वयम्को चेतनाले मात्र यस्ता आयातित कुसंस्कृतिको अन्त्य हुने भएकाले यसले पार्ने असरप्रति आफैं सजग हुन जरुरी छ । साथै स्थानीय सरकार र प्रहरीले पनि निर्देशनको प्रभावकारी कार्यान्वनयमा लाग्नु पर्दछ । अनि मात्र सबैको कल्याणको आधार तयार हुन सक्छ ।

# नेपाललाई कसैको काँध बन्न दिनुहुँदैन



रामचन्द्र उप्रेती

वर्तमान विश्वका सर्वाधिक शक्तिशाली व्यक्तित्व चिनियाँ राष्ट्रपति सी चिनफिङले नेपाली राष्ट्रपति बिद्यादेवी भण्डारीको निमन्त्रणामा २०७६ सालको अशोज २५ र २६ गते दुई दिन नेपालको राजकीय भ्रमण गर्नुभयो । भ्रमण अगाडि र भ्रमण पछाडि पनि धेरै कालसम्म यसका तरङ्गहरु नेपाली जनमानसमा छाल बनेर तरङ्गित भइरहने पक्का छ। यो भ्रमणका तरङ्गहरु नेपालको सिमामा मात्रै सिमित हुने छैनन् । यसले दक्षिणको छिमेकी भारतमा नेपाल पछिको ठूलो कम्पन सृजना गर्नेछ । नेपालको दक्षिणी छिमेकीको मन र चाल राम्ररी बुझेका उत्तरी छिमेकका प्रमुखले दक्षिणमा पर्ने कम्पनलाई मत्थर पार्न उतैको बाटो भएर मात्रै आएनन्, भेटेरै आए । यो भ्रभणले क्षेत्रिय सन्तुलन र दुई देशीय व्यपारलाई नकारात्मक असर नपरोस् भन्नेमा उत्तर चनाखो भएको रुपमा बुझ्नु उपयुक्त हुन्छ । चीनको यो चासोलाई नेपालले पनि सम्मान गर्नुपर्छ ।

भूगोलले सृजना गरेको प्रतिकूलताका कारण चीनसँग सीमा जोडिए पनि हामी भारत जत्तिकै नजिक भएको महशुस गर्न सकेनौं । भाषा, संस्कृति, धर्म र भूगोल समेतको अनुकूलताले नेपाललाई दक्षिणतर्फ अर्थात् भारतपट्टी नजिक हुन बाध्य बनायो । नेपाल र नेपालीको यो बाध्यताबाट भारतले भरपुर फाइदा लिएको छ। भारतले नेपालसँग व्यापारिक फाइदा मात्रै लिएको भए त्यति मन दुखाई नेपालीले गर्ने थिएनन् । तर, ऊ त प्रहरी अधिकृतको सरुवामा पनि चासो राख्छ । नेपाली उसका 'अच्छा' उपभोक्ता भएका छौं । नेपालसँग उसको अर्बौंको होइन खर्बको व्यापार हुने गर्छ । नेपालमा रेकर्ड नगरिएको अर्को तथ्याङ्क पनि छ । नेपालले तेश्रो मुलुकबाट जति विप्रेशण ल्याउँछ त्यसको आधा त विप्रेशणकै रुपमा भारतमा उताका कामदारले यहाँबाट लैजान्छन् भन्ने अनुमान छ। नेपालसँगको व्यवसायिक सहकार्यबाट अर्बौंको नाफा गरेर केही करोडको सहयोग सित्याईमा गरिदिएको छ ।

ऊ नेपालसँगको व्यपारबाट भएको नाफा सधैं लुकाउँछ र आफूले गरेको सहयोगको मात्रै उच्च स्वरमा उच्चारण गर्छ । भूगोलको फाइदा उठाएर कहिले बाटो छेक्छ र पैसा लिइसकेको अवस्थामा पनि इन्धन, औषधि समेत रोकेर मैले भनेको मान् भन्छ । कहिले पानी थुनेर डुबाउँछ कहिले सित्तैमा पानी दे भन्छ, नदिइकन पनि लान्छ । टनकपुरमा यस्तै भएको थियो । नेपालले खुट्टा टेकेको भारतलाई मन पर्दैन । हात जोडेको मात्रै हेर्न चाहन्छ । आफ्नो हितको कुरा गरेको उसलाई राम्रो लाग्दैन । त्यसैले नेपालमा उत्तरी छिमेकीले हिमाल छेडेर बाटो बनाउने, रेल ल्याउने, त्यता पनि व्यापार गर्ने, त्यताका मानिस यता आउन्, यताका उता जाउन् भन्ने कुरा भारतलाई भित्रबाटै भन्दा मन पर्दैन । तर, मुखले त्यसो भन्दैन, भन्नु हुँदैन । यहाँको उत्पादन बढोस्, नेपाल आत्मनिर्भर होस्, विकास गरोस् भन्ने दक्षिण चाहँदैन किनकि उसको नेपालको बजार खुम्चियोस् भन्ने ऊ किन चाहन्थ्यो र ?

चीनको भारतसँग हुने व्यपारको आकार नेपालको भन्दा कता हो कता ठूलो छ। त्यसैले चीन नेपालसँग रणनीतिक रुपमा सम्बन्ध विस्तार गर्दा भारत नचिडियोस् भन्ने चाहन्छ। अर्कोतिर पश्चिमाहरु सके नेपालको काँधमा बसेर नसके भारतको ढाडमा टेकेर चीनमाथि प्रहार गर्न चाहन्छन् । यो कुरा चीनले नबुझ्ने कुरै भएन । चीन र भारतको सम्बन्ध जति सुदृढ, सुमधुर हुन्छ चीनलाई विश्व शक्ति बन्ने कुरामा त्यति बल पुग्छ। यस्ता अनेक कारणले चीनले भारतलाई आश्वस्त पारेर नेपालसँग मित्रताको गाँठो अझै बलियो पार्नु उसको आवश्यकता हो ।

हाम्रो आन्तरिक मामलामा बारम्बार दख्खल दिन रुचाउने, कमजोर देखेर हेप्ने, भूगोलको फाइदा उठाएर थर्काउने, विश्व मञ्चमा उनकै बोली-बोली दियोस् भनेर दबाव दिने, अरुसँग व्यपार गर्दा कर्के नजरले हेर्ने, उनीसँग गरिने व्यापारमा पनि बारम्बार समस्या आइरहने, अरुसँग मित्रता गाँसेको मन नपराउने छिमेकीको व्यवहारले हामीलाई विकल्प खोज्न सिकाएको हो । यो विकल्प चीन बाहेक अरुसँग भूगोलको कारणले थिएन/छैन । चीनसँग मित्रता बढाउनु भनेको भारतसँगको मित्रता कम गर्ने भन्ने हुँदै होइन । नेपाल र भारतका बीचमा मित्रताको लागि जुन सहजता छ त्यो चीनसँग छैन । जस्तै भूगोलको सहजता मुख्यरुपमा भए पनि भाषा, धर्म, संस्कृति, रीतिरिवाज, साइनो सम्बन्ध जुन रुपमा नेपाल र भारतका जनताको बीचमा छ त्यो रुपमा चीनसँग हुँदैन, हुनै सक्तैन । नेपालले चाहेको कुरा यति हो कि हामीसँग भारतको विकल्पमा अरु मित्र पनि छन् । भारतले धेरै असमान व्यवहार गर्दा, हामीलाई धेरै थिचोमिचो गर्दा हामी सधैं सहनुपर्ने बाध्यतामा छैनौं भन्ने सन्देश दिनु पर्ने भएको हो ।



भारतले नाकाबन्दी लगाउँदा पनि नेपाल बाँचेको, नेपालीले सरकारलाई साथ दिएको, नेपाल नझुकेको देखेर भारत केही हच्कियो । नेपालले अरुसँग व्यापार गर्न र विकल्प खोज्न सक्छ भन्ने भएपछि बर्षौंसम्म नबनेको तेलको पाइप लाइनको काम भारतले बनाई दिएर आफ्नो इन्धनको बजार सुरक्षित गरेको छ। यो हाम्रो मात्रै आवश्यकता थिएन । उसको व्यापारको सुरक्षा पनि थियो । हाम्रो अदुवा, कुचो, टमाटर, चिया, अलैंची भारतमा पठाउदा धेरै पटक क्वाराण्टायनको झञ्जट दिएर नेपाली व्यावसायी र किसानलाई हतोत्साही गर्ने गरेको भारतले उताबाट आउने तरकारीको विषादी जाँच्ने कुरा गरेपछि मेरो पनि न जाँच, तिम्रो पनि जाँच्दिन भन्ने अवस्थामा पुग्यो । यी र यस्ता घटनाले सिकाएको पाठ हो हामीले सधैं एउटैको भर पर्नु हुँदैन । सम्भव सबै विकल्प खोज्नुपर्छ भन्ने । केपी ओलीको नेतृत्वमा बनेको सरकारले विगतमा र वर्तमानमा यो सन्तुलन मिलाउने एवम् विकल्प खोज्ने काम गरेको छ । यसमा सबै नेपालीको पूर्ण सहमत देखिएको छ । चीनका राष्ट्रपति महामहिम सी चिनफिङको भ्रमणलाई देशका सबै राजनीतिक दल, संघ-संस्था, व्यक्ति-व्यक्तित्व सम्पूर्णले हार्दिकतापूर्वक स्वीकार्नु, सफल बनाउन लाग्नु र स्वागत सम्मानमा कतै कुनै कमी नहोस् भनेर चाहनुमा चीनले धेरै अनुदान देला, उपहार देला र त्यै कारण देश समृद्ध होला भन्ने होइन । हामीसँग अरु सम्भावना पनि छन् भन्ने मुख्य विषय हो ।

चीनका राष्ट्रपतिले नेपाल अब भू-परिवेष्टितबाट भू-जडित मुलुक भएको छ भन्दा यसमा धेरै कुरा लुकेको छ । नेपालीले चाहेको कुरा नै यही हो । नीतिगत रुपमा यो कुरामा सहमति भएपछि अब यसलाई व्यावहारिक बनाउन हिमाल वारपारको कनेक्टिभिटिका आधार तयार पार्नु पर्छ । यो भ्रमणमा यो कुरामा पनि सहमति भएको छ । यसलाई कार्यान्वयन गर्ने जिम्मा एक्लै चीनको होइन । नेपालले उत्तिकै तदारुकता देखाउनुपर्छ । यसबारेमा पनि चीनका राष्ट्रपतिले घुमाउरो पारामा बोलेका छन् । कुटनीतिक भाषामा यो निकै प्रर्याप्त छ। उनले भने 'चीनमा हामी विकासका लागि भएका निर्णयलाई कार्यान्वयमा लैजान्छौं, यो अनुभवबाट नेपालले पनि सिक्न सक्छ।' तिमीहरु निर्णय गर्छौं, तर कार्यान्वयन गर्दैनौं भन्न उनले मिल्दैनथ्यो, त्यसैले भनेनन् । तर, यो सबैले बुझ्ने भाषामा थियो भन्दा हुन्छ ।

सीले नेकपाका नेतालाई सामुहिक रुपमा भेट्दा भनेको कुरा पनि अति नै महत्वपूर्ण छ । 'पार्टीभित्रको स्वच्छतामा बढता जोड दिनुपर्छ । चीनको आत्मविश्वास बढ्नुमा पार्टीको अनुशासन पनि मुख्य कारण हो' भनेका छन् । तिमीहरुमा स्वच्छताको अभाव छ भन्न त मिल्दैन थियो । त्यसैले चीनमा पार्टीभित्रको स्वच्छतालाई ध्यान दिएका छौं । त्यसैले पार्टीले काम गर्न सकेको छ, जनताको विश्वास जितेको छ भनेको प्रष्टै बुझिन्छ । त्यस्तै त्यही भेटमा अर्को महत्वको कुरा भनेका छन्- 'जनताको मन जिते मात्र सत्तामा टिकिन्छ ।' जनताको मन जित्न पार्टीका नेता जनताको सेवक हुनुपर्छ भन्ने सन्देश प्रष्ट छ । त्यसको अभाव छ भन्ने कुराको संकेत दिएका छन् । बुझ्नेलाई इसारा काफी भनिन्छ । उनले अझै अगाडि भने हामीले सत्ता कब्जा गरेका कारण मात्रै चिनियाँ कम्युनिष्ट पार्टीले निरन्तर सरकार बनाएको होइन कि जनताको सेवा गरेका छौं भन्ने कुरा भन्न भ्याए । पद, प्रतिष्ठा, मर्यादा, भाग, विलासी र अपारदर्शी जीवनशैलीमा रमाएका नेपाली नेतालाई यो कुरा कति चित्त बुझ्यो त्यो बेग्लै कुरा हो । तर, उनले सत्य कुरा भने र चीनमा यसै गर्छौं भने । यो कुटनीतिक हिसावले निकै महत्वपूर्ण कुरा हो । सी चाहन्छन् नेपालमा पनि कम्युनिष्ट पार्टीले जनताको मन जितेर, जनताको सेवा गरेर लगातार शासन गरुन् र स्थिरता एवम् समृद्धिको बाटोमा अघि बढुन् । चिनियाँ राष्ट्रपतिको यो महत्वपूर्ण भ्रमणको तत्कालको उपलब्धि भनेको यति महत्वपूर्ण व्यक्तिको भ्रमण हुनु नै पहिलो उपलब्धि हो । अब यति मै रमाउने कि यसलाई दिगो उपलब्धिमा परिणत गर्न सम्भावनाहरुको पछि लाग्ने भन्ने कुरा नेपाल र नेपालीका लागि निकै महत्वपूर्ण छ ।

सय पचास वर्ष पहिलेसम्म देश-देशका शासकको सन्किका भरमा, शक्तिको उन्माद प्रस्तुत गर्न, इगो साध्न, आफू बलशाली भएको देखाउने जस्ता उद्देश्यले अरु देशसँगको सम्बन्ध निर्धारण गर्ने चलन थियो । तर, अहिलेको पुरै विश्व व्यपारमा अडेको छ । व्यापार अर्थात् नाफाघाटाको हिसाब । यसमा चीन सबैभन्दा अगाडि छ भन्दा फरक पर्दैन । माथि नै भनी सकियो चीन नेपालसँग सम्बन्ध विस्तार गर्दा भारतसँग हुने व्यापार नगुमोस् भन्ने चाहन्छ । यति मात्रै होइन नेपालसँगको कनेक्टिभिटिले भारतसँग हुने व्यापारमा सहजताको बाटो खुलोस् भन्ने चाहन्छ भन्ने बुझ्न सकिन्छ । भारतको उत्तरमा भएको २०/३० करोड जनसंख्याका लागि चीन र भारतका बीचमा हुने व्यापारमा नेपालको बाटो छोटो र कम खर्चिलो हुन सक्छ । यो सम्भावनालाई भारतले अहिले नै न स्वीकारे पनि भविष्यमा यो सहजताको उपयोग गर्न सक्दा नेपाल, भारत र चीन सबैलाई फाइदा पुग्ने कुरा चीनले देखेको छ। त्यसैकारण पनि चीन नेपालमा कनेक्टिभिटी बढाउन र रोड, रेलमा लगानी गर्न इच्छुक छ । त्यसका लागि नेपालमा राजनीतिक स्थिरता र नेपाल सरकारको काम गर्ने क्षमतामा विकास हुन जरुरी छ । यो कुराको संकेत राष्ट्रपति सीले दिएका छन् । जुन बिल्कुल स्वभाविक हो ।

नेपाल र चीनसँगको सम्बन्ध आगामी दिनमा कसरी बढछ भन्ने कुरा चीनकोभन्दा बढता नेपालको भूमिकामा भर पर्छ । नेपाल सरकारले यी दुई सरकार(नेपाल र चीन)का बीचमा भएका सहमति सम्झौताको कार्यान्वयन कत्तिको गर्छन् ? यो सम्बन्धबाट नेपालले आर्थिकरुपमा कति फाइदा लिन सक्छ ? एक चीन नीतिका बारेमा चीनले धेरै शंका नगर्ला र यसमा नेपालको कुनै बदलाब पनि न होला । तर, चीनका विरुद्ध नेपाली भूमि प्रयोग हुन नदिन नेपाल सरकारले कस्तो नीति लिन्छ भन्ने बारेमा चीनको सधै चासो हुने गर्छ । यो चासो स्वभाविक छ र यसलाई नेपालले सधै चनाखो भएर हेर्नुपर्छ । सम्बोधन गर्नुपर्छ । चीनका विरुद्ध नेपाललाई कसैको काँध बन्न दिनुहुँदैन ।

चीनले हाम्रो आन्तरिक मामिलामा भारतले जस्तो माइक्रो लेभलमा आएर दख्खल देला भन्ने लाग्दैन । तर, उसले गर्ने व्यापार र सुरक्षामा उसको चासो सधैं रहने छ। नेपाललाई केही महत्वपूर्ण सहयोग केही समयका लागि चीनले दिन सक्छ । तर, सधैं दिँदैन भन्ने बुझ्नुपर्छ । चीनले गरेको सहयोगबाट हामीले आर्थिक फाइदा लिन नसक्ने र सधैं मगन्ते नै भइरहने हो भने चीनले नेपाललाई महत्व नदिन सक्छ । यो स्वभाविक हो । त्यसैले भूगोलको सामरिक महत्वको फाइदा उठाएर नेपालले चीन र भारत दुबै देशसँगको सम्बन्ध सन्तुलित बनाउँदै यी देशले गरेको प्रगतिबाट आफ्नो देशको विकास गर्ने, स्वभिमानको रक्षा गर्ने, आर्थिक परनिर्भरता कम गर्दै समृद्ध देश बनाउने अभियान पूरा गर्नुपर्छ ।

# वायोइञ्जिनियरिङमा जैविक विविधता



तुलसीराम खरेल

दैनिक जीवनमा जैविक विविधताका जराहरु यति ब्यापक फैलिएका देखिन्छन् कि यसले धेरैभन्दा धेरै क्षेत्रलाई समातेको छ । यसले पर्यावरण, जेनेटिक्स, जेनेटिक इञ्जिनियरिङ, वायो इञ्जिनियरिङका धेरै बिधाहरुमा आफ्नो उपस्थिति देखाउँछ । जीवहरुको संख्यात्मक विविधताको सानो घेरामा सिमित गरेर यसलाइ हेर्न मिल्दैन् । यो आजको सन्दर्भमा झन् महत्वपूर्ण देखिँदै आएको छ । मानव समाजको समृद्धिमा सूक्ष्म जीव, वनस्पति एवम् जनावरहरुको व्यापक उपयोगिता देखिन्छ । यसको क्षेत्र झन् फराकिलो बनिरहेको छ । त्यसकारण यो बहुआयामिक समेत छ । आजको विश्वमा यो त सबैले बुझ्नै पर्ने बिषय बनेको छ । किनकि धेरैभन्दा धेरै वनस्पति, प्राणी र सूक्ष्मजीवीहरुको संख्या घटिरहेको छ । खास गरेर जलवायु परिवर्तनले धेरैको अस्तित्व संकटापन्न बन्न पुगेको छ ।

जैविक विविधता भने कै निश्चित भूगोलभित्रको हावापानीमा पाइने जीवहरुको विविधता हो । यसमा प्रजाति विविधता, पारिस्थितिक प्रणालीय विविधता एवम् जेनेटिक अर्थात् वंशाणुगत विविधता पर्दछन् । ठाउँ अनुसारका सूक्ष्म एवम् ठूला वनस्पति र जनावरहरुलाई मानव विकासको निमित्त बिभिन्न तरिकाले उपयोग गर्न सकिन्छ । त्यसको एउटा राम्रो क्षेत्र वायोइञ्जिनियरिङ र जेनेटिक इञ्जिनियरिङ देखिएका छन् । यी नविनतम क्षेत्रहरु भविष्यमा धेरै नै महत्वपूर्ण छन् । नयाँखाले औषधि एन्टिवायोटिक्स, भ्याक्सीन, एन्टिसेरा, बनाउन यसको साहारा लिनु जरुरी छ । त्यस्तै बायोलोजीका सिद्धान्त र जीवहरु स्वयम् लाई इञ्जिनियरिङको टुल्सको रुपमा प्रयोग गरेर झन् राम्रा परिणामहरु प्राप्त गर्न सकिने आधारहरु देखा परिरहेका छन् । खास गरेर नदी नियन्त्रण, पहिरो नियन्त्रण, भू-क्षय र स्लोप मेनेजमेन्टमा यो उपयोगी हुने देखिएको छ ।

जीव विज्ञानका सिद्धान्तहरु र स्वयम् केही जीवहरु र इञ्जिनियरिङ क्षेत्रका तथ्यहरु बीचको तादाम्यताको खोजी नै वायोइञ्जिनियरिङ हो । यसले अझ उपयोगी र आर्थिकरुपले बढी उपयोगिताका सामग्रीहरुको निर्माणमा सहयोग पुऱ्याउँछ । मानव समाजलाई अझ सजिलो र भरपर्दो बाटोमा डोहोऱ्याउन सक्छ । जीव विज्ञान, पर्यावरण, भौतिक विज्ञान, तथा सीभिल इञ्जिनियरिङका सिद्धान्तहरुलाई एकीकृत गरेर बाढीपहिरो नियन्त्रणमा, निर्माण सामग्री बनाउन तथा माटोको सुरक्षामा उपयोग गर्नुपर्छ भनेर एलेन र लीचले सन् १९९७ मा आफ्नो धारणाहरु प्रकाशित गरे । पछि बेनट्रप र होएगले सन् १९९८ मा यसलाई अझ पुष्टी गरे । त्यसपछि यसको क्षेत्र अझ तन्कँदै जान थालेको देखिन्छ । सोइल एण्ड वाटरवायो इञ्जिनियरिङलाई सीभिल इञ्जिनियरिङकै एउटा शाखाको रुपमा मानिन्छ । यसले प्राविधिक, पर्यावरणीय र आर्थिक पक्ष एवम् डिजाइनलाई समेट्छ । सोइल वायोइञ्जिनियरिङमा केही जीवित



वनस्पतिहरुलाई इञ्जिनियरिङ कार्यमा प्रयोग गरिन्छ । शिचटलले सन् १९८० मा सोइल वायोइञ्जिनियरिङको प्रयोगलाई बढोत्तरी गर्न युरोपीयन मुलुकहरुलाई सुझाएका थिए ।

सोइल इरोसन, वाटर इरोसन, ग्लासीयल इरोसन, जुजेनिक इरोसन, एन्थ्रोपोजेनिक इरोसन, फिजिकल मेकानिकल इरोसनहरुमा जीवित र मृत वनस्पति र तिनका शरीरका भागहरुको उपयोगिता अझ चाखलाग्दो छ। कंक्रिटले बनाइएका पहिरो नियन्त्रण भित्ताभन्दा बाँस, काँस, खर, उतीस, सल्लाका केही प्रजातिहरु र केही फूल नफुल्ने प्रजातिका वनस्पतिहरु उपयोगी देखिएका छन् । यहाँ पनि वनस्पति विविधताको खोजी त्यतिकै आवश्यक छ । निम्न पहाडी क्षेत्रको नदी नियन्त्रण, पहिरो नियन्त्रणमा उपयोगी वनस्पतिहरु हिमाली क्षेत्रको लागि भर पर्दा नहुन सक्छन् । हिमाली क्षेत्रको निम्न वायुमण्डलीय चाप, कम तापक्रम, बढी उचाइ, हिमपातमा बाँच्न सक्ने हाइपोसोबायन्ट (hyposobiont) प्रकारका वनस्पतिहरुको खोजि गरिनुपर्छ । यसमा जैविक विविधता, पर्यावरण एवम् इञ्जिनियरिङ क्षेत्रको ज्ञानलाई एकीकृत गरेर उपयोग गर्नुपर्दछ ।

जैविक विविधताभित्रको अध्ययनमा जुजेयोग्राफी र फाइटोजेओग्राफी छुटाउन सकिन्न । यसमा जनावर तथा वनस्पतिहरुको फैलावटको कुरा अध्ययन गरिन्छ । तराइ, पठ्ठार, पहाड र हिमालका नदी, हिमनदी, पहिरो नियन्त्रणमा सोही वातावरणमा बाँच्न सक्ने फूल फुल्ने र नफुल्ने प्रकारका वनस्पतिहरुको ज्ञान पनि जरुरी हुन्छ । कतिपय स्थानमा जंगली उन्युका पोथ्रा र रुख उन्यूहरु माटो संरक्षण र भू-क्षय नियन्त्रणमा उपयोगी देखिएका छन् । वनस्पति जगतमा उभयचर वनस्पतिहरुलाई ब्रायोफाइटा भनिन्छ । बिकसित प्रकारका ब्रायोफाइटाहरुलाई मस प्लान्ट भनिन्छ । यिनीहरु चिसो मौसममा मज्जाले ढुंगाको सतहमा उम्रन्छन् । यिनीहरुले शारीरिक क्रियाकलापबाट अम्ल निकाल्दछन् । जसले ढुङ्गालाई क्रमशः गलाउँदै लैजान्छ ।

जसले अन्य प्रकारका वनस्पतिहरुका जरा भित्रभित्रसम्म पुग्न सहयोग गर्दछ । यसरी नजानिँदो तरिकाले यति स-साना वनस्पतिहरुले समेत भू-क्षय नियन्त्रणमा सहयोगी भूमिका निभाउँछन् । यस्तै भूमिका ढुङ्गामा उम्रने झ्याउ वर्गका वनस्पतिले समेत देखाउँछन् । वैज्ञानिक रुपले हेर्दा वनस्पतिहरुका जरामात्र होइन पात र डाँठले समेत माटो जोगाउने काम गर्दछ । भारी बर्षा भएको समयमा सिधैं पानी जमीनमा पर्न पाउँदैन । पानीका थोपा वनस्पतिकै शरीरमा पर्दछ र भिरालो जमिनमा माटोको संरक्षण गर्दछन् । सिधैं भिरालो जमिनमा पानी पर्दाभन्दा झाडी भएको भिरालो जमीनमा भू-क्षय कम हुने प्रयोगहरुले देखाएको छ ।

जंगलले झन् राम्ररी माटोको सुरक्षा गर्दछ । रुखको भित्रसम्म पुगेका जराहरुले माटोलाई कसेर राखेको हुन्छ । बिरुवाका सहारामा जमीनभित्र ढुसी वर्गका वनस्पतिहरु हुन्छन् । हामीले त्यति ध्यान नदिएका यस्ता वनस्पतिहरुका जालीदार माइसेलियमहरुले माटोका कणहरुलाई बाँधेर राखेको हुन्छ । जंगल फँडानी हुँदा रुखका जरा मर्छन् अनि अण्डर ग्राउण्ड भेजिटेशनलाई समेत असर पुग्छ । जमिनभित्रका सूक्ष्म जीवीहरुको समुदायमा बिचलन पैदा हुन्छ । जसले भू-क्षयको लागि सहायकसिद्ध हुन्छ ।

अर्को महत्वपूर्ण कुरा त के छ भने रुख बिरुवाले जमीनबाट अति धेरै पानी सोस्छन् । सोसेको पानीमध्ये झण्डै दुई प्रतिशत मात्र प्रयोग गर्छन् र बाँकी ९८ प्रतिशत पानी बाफको रुपमा बायुमण्डलमा फर्काउँछन् । यस प्रक्रियाले जमीन बिस्तारै कडा र सुख्खा बन्दै जान्छ र भू-क्षय र पहिरोबाट जोगिन्छ । अर्कोतर्फ वनस्पतिहरु कै भागहरुलाई निर्माण सामग्रीमा मिसाएर साउण्ड प्रुफ भित्ताहरु बनाउन सकिन्छ । धान र गहुँका छ्याली र भुषलाई यसमा उपयोग गरिँदै आएको छ । बाँस, मालिङ्गोका आकर्षक घरहरुले पर्यटकहरुलाई लोभ्याएका छन् । यसलाई पर्यापर्यटनसँग जोडेर समेत लैजान सकिन्छ । वायोइञ्जिनियरिङ पर्यावरणमैत्री प्रविधि हो भन्ने कुरामा अबको दिनमा कुनै सन्देह रहने छैन् ।

# आजादको शुभकामना आदानप्रदान



**अर्जुनधारा, कात्तिक ६।** नेपालीहरुको साझा चाड विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् र छठ पर्वको अवसरमा आजाद सामुदायिक संस्था अर्जुनधारा-११ को आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

लक्ष्मीधापस्थित नमूना माछापोखरी परिसरमा संस्थाका अध्यक्ष सन्तकुमार राईको अध्यक्षता र संघीय सांसद बिमला विश्वकर्माको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्था स्थापनाको औचित्यसहित स्वागत अध्यक्ष राईले गरेक थिए ।

कार्यक्रममा प्रदेश १ का सांसद बृख प्रधान, झापा जिल्ला समन्वय समिति प्रमुख सोमनाथ पोर्तेल, नगर प्रमुख हरिकुमार राना, वडाध्यक्ष भैरवबहादुर खड्का, बिर्तामोड नगर सभा सदस्य भावना घिमिरे, नगर खेलकुद विकास समितिका सदस्य टेकराज तिलिङ, नमूना सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भानु श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रमको सञ्चालन खड्ग विश्वकर्माले गरेका थिए । स्थानीयस्तरमा आर्थिक विकास, सामाजिक सद्भाव, संस्कृतिको संरक्षण र वातावरणीय विकास गर्ने उद्देश्यले उक्त संस्था गत असोज ५ गते स्थापना भएको हो ।

# रगत अभाव टार्न रक्तदान

**बिर्तामोड, कात्तिक ६।** झापामा देखिएको रगत अभाव टार्ने उद्देश्यले नेपाल विद्यार्थी संघ झापाले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

दुर्गा मन्दिर परिसरमा आयोजित रक्तदान कार्यक्रममा ५१ पिन्ट रगत सङ्कलन भएको नेविसंघ झापाका प्रवक्ता सञ्जय निरौलाले जानकारी दिए । नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको प्रमुख आतिथ्य र संगठन विभाग प्रमुख देउमान थेवेको विशेष आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्दै वक्ताद्वयले युवाहरुले सामाजिक उत्तरदायित्वका लागि गरेको कार्य सकारात्मक भएको बताउँदै सामाजिक परिवर्तनमा युवाको भूमिका महत्वपूर्ण हुने धारणा राखेका थिए । नेपाल विद्यार्थी संघ झापाका अध्यक्ष राजेन्द्र उप्रेती, कोषाध्यक्ष नवराज ढकाल, जिल्ला सदस्य आशिष लिम्बू, नेविसंघ झापा-काठमाडौं सम्पर्क समितिका सुरज गड्तौलालगायत सर्वसाधारणले रक्तदान गरेको कार्यक्रम सञ्चालक गोकुल पौडेलले जानकारी दिए ।

कार्यक्रममा नेपाली कांग्रेस प्रचार विभाग संयोजक कृष्ण हुमागाँई, नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड शाखाका अध्यक्ष सजेश शिवाकोटी, नेपाली कांग्रेस झापा क्षेत्र नं. ५ प्रदेश 'क' का सभापति रोहित साह, महिला मुक्ति अभियान झापा अध्यक्ष राधा सुब्बा लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बिर्तामोड शाखाले प्राविधिक सहयोग गरेको थियो ।

# रिहा भए लगत्तै नेकपामा प्रवेश



**भद्रपुर, कात्तिक ६।** झापामा बम विस्फोट र आगजनी गरेको आरोपमा पक्राउ परेका नेत्रबिक्रम चन्द 'विप्लव' नेतृत्वको प्रतिबन्धित नेकपाका चार जना कार्यकर्ता रिहा भएका छन् ।

अदालतमा धरौटी रकम बुझाएर रिहा भए लगत्तै विप्लवका चार जना कार्यकर्ता पार्टी परित्याग गरी सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा प्रवेश गरेका हुन् । विप्लवका मेची ब्युरो सदस्य तथा ताप्लेजुङ जिल्ला सेक्रेटरी ५६ वर्षीय नरपति पौडेल, ताप्लेजुङ जिल्ला सदस्य ३८ वर्षीय योगेश लिम्बू, ताप्लेजुङका जिल्ला इञ्चार्ज ३४ वर्षीय सागर लिम्बू (सक्कल), जनमुक्ति मोर्चाको केन्द्रीय सदस्य तथा अखिल क्रान्तिकारी मेची, कोशी संयोजक २४ वर्षीय गणेश कार्कीले संयुक्तरूपमा एक विज्ञप्ति जारी गर्दै पार्टी परित्यागको घोषणा गर्दै नेकपामा प्रवेश गरेका हुन् ।

नेकपामा प्रवेश गरेका चारै जना कार्यकर्तालाई नेकपाका झापा जिल्ला इञ्चार्ज रवीन कोइराला, केन्द्रीय सदस्य नरेश सञ्जेल, सन्तोष आचार्य लगायतले पार्टीमा स्वागत गरेका थिए ।

त्यस्तै रिहा भएका कार्यकर्तालाई आगजनी र बम विस्फोट सम्बन्धी दुई वटा मुद्दा अन्तर्गत प्रति मुद्दा ५० हजार रुपैयाँका दरले झापा जिल्ला अदालतमा धरौटी रकम बुझाएको र जिल्ला प्रहरी कार्यालय झापामा उपस्थित हुने शर्तमा छाडिएको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

उनीहरूलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगर, प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय दमकको संयुक्त प्रहरी टोलीले विशेष सूचनाको आधारमा गत साउन ३२ गते दमक नगरपालिका-६ स्थित न्यू कञ्चन होटेलबाट पक्राउ गरिएको थियो ।

उनीहरूसँगै पक्राउ परेका पाँचथर जिल्ला इञ्चार्ज र मेची ब्युरो सदस्य २९ वर्षीय राजु दासको मुद्दा किनारा नलागेकाले उनी प्रहरी नियन्त्रणमै रहेका छन् । दास रिहा भए लगतै पार्टी परित्याग गरी नेकपामा प्रवेश गर्ने बताइएको छ ।

# बिर्तामोडमा रमेशको एकल सांगीतिक साँझ




**झापा, कात्तिक ६।** सांगीतिक क्षेत्रमा नौलो आयाम दिन सफल इलामको दक्षिण क्षेत्र रोङ-१ घर भएका गायक रमेश बोखिम राईले बिर्तामोडमा एकल सांगीतिक कार्यक्रम गर्ने भएका छन् ।

बिर्तामोडस्थित नेपाल गजल साँझमा कर्मठ ब्याण्डको प्रस्तुतिमा राईले सांगीतिक कार्यक्रम गर्ने भएका हुन् । बिहीबार साँझ साढे ५ बजेबाट शुरु हने कार्यक्रम दुई घण्टासम्म चल्ने बताइएको छ ।

नेपालीहरुको महान पर्व तिहार र छठ पर्वको अवसरमा शुभकामना आदानप्रदानका साथै सांगीतिक कार्यक्रमको आयोजना गरिएको राईले जानकारी दिए । सांगीतिक क्षेत्रमा लोक आधुनिक गीत गाउँदै आएका राईले दर्जनभन्दा बढी गीत बजारमा ल्याइसकेका छन् ।

# ह्वावेको आयमा २४.४ प्रतिशत वृद्धि

HUAWEI

**झापा, कात्तिक ६।** ह्वावेले सन् २०१९ को तेस्रो त्रैमासिक (जुलाईदेखि सेप्टेम्बर महिनासम्म) को व्यापार आय विवरण सार्वजनिक गरेको छ ।

यस वर्षको पहिलो तीन त्रैमासिकमा ह्वावेले ६१०.८ अर्ब चिनियाँ युआनको आयआर्जन गरेको छ । जुन अघिल्लो वर्षको तुलनामा २४.४ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा ह्वावेको खुद नाफा ८.७ प्रतिशत रहेको छ ।

विश्वका अग्रणी क्यारियरहरूसँग ६० वटाभन्दा बढी व्यवसायिक सम्झौताहरू गरेको छ भने चार लाखभन्दा बढी फाइभ जी म्यासिभ एमआइएमओ एक्टिभ एन्टेना युनिटहरू विश्व बजारमा निर्यात गरिसकेको छ । ह्वावेको अप्टिकल ट्रान्समिसन, डाटा कम्युनिकेसनहरू र आइटी उत्पादनहरूको उत्पादन तथा आपूर्ति बढ्दो क्रममा रहेको छ ।

इन्टरप्राइज बिजनेसतर्फ ह्वावेले होराइजन डिजिटल प्लेटफर्म सार्वजनिक गरेको छ । ह्वावेको बृहत् प्राविधिक अनुभवमा आधारित रही निर्मित यस प्लेटफर्मसँगै ह्वावेले डिजिटल संसारको आधार बनाई खबौं बराबरको डिजिटल ट्रान्सफोर्मेसन इन्डस्ट्री निर्माण गर्न ग्राहक तथा साझेदारहरूसँग काम गर्ने उद्देश्य राखेको छ । यस प्लेटफर्मले सरकारी, सार्वजनिक निकायहरू, वित्त, विद्युत्, यातायात जस्ता विभिन्न क्षेत्रहरूलाई डिजीटल रूपान्तरण गर्न सघाउने छ ।

सन् २०१९ को तेस्रो त्रैमासिकको अन्त्यसम्ममा सात सयभन्दा बढी शहरहरू, दुई सय २८ फरच्युन ग्लोबल पाँच सय कम्पनीहरू र ५८ फरच्युन ग्लोबल एक सय कम्पनीहरूले डिजिटल रूपान्तरणका लागि ह्वावेलाई आफ्नो साझेदारका रूपमा छनौट गरेका छन् ।

# पानीमा डुबेर वृद्धको मृत्यु

**सुनसरी, कात्तिक ६।** सुनसरीको इटहरी उप-महानगरपालिका-२० तरहरा बस्ने ९० बर्षीय झपटबहादुर बस्नेतको पानीमा डुबेर मृत्यु भएको छ ।

कोशी राजमार्गको साइडमा जमेको पानीमा एक बृद्ध डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । डुबेको अवस्थामा स्थानीयले बस्नेतको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

उक्त स्थानमा इलाका प्रहरी कार्यालय इटहरीबाट थप प्रहरीको टोली गई कानूनी प्रक्रिया पूरा गरी शव परीक्षणको लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पठाएको तथा थप अनुसन्धान भइरहेको १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।


## कोरियन भाषा

한국어 にほんご

हाम्रा बिशेषताहरु

PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्यून शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।

बिहान ५ देखि साँझ ६ बजे सम्म कक्षा सञ्चालन

जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।

Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklcbtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

| (हल ए) नेपाली सिनेमा | (हल बी) नेपाली र हिन्दी सिनेमा |
|---|---|
| पहिलो शो ११:१५ छ माया छपक्कै | पहिलो शो ११:३० War |
| दोस्रो शो २:०० छ माया छपक्कै | दोस्रो शो २:०० War |
| तेस्रो शो ४:४५ छ माया छपक्कै | तेस्रो शो ४:३० War |
| नाइट शो ७:३० छ माया छपक्कै | नाइट शो ७:३० War |

बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वत: क्यान्सिल हुनेछ ।
फोन नं. ०२३–५४६४३६
नोट : ८ गते शुक्रबारबाट प्रदर्शनमा रहने House full 4 हिन्दी चलचित्रको अग्रिम बुकिङ खुल्ला गरिएको छ ।



## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई


झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२, ९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता

कुक : ४ जना वेटर : ५ जना
घरमा काम गर्ने : ५ जना (महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
साथै ७७ जिल्लामा हुने तथा सचेतनामूलक कार्यक्रमका लागि :
स्वयम्सेवक : १० जना (महिला/पुरुष)
कलाकार : १० जना (महिला/पुरुष)
साधारण लेखपढले हुनेछ । तालिमको व्यवस्था छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३–५४६६८३
मो.: ९८२५९८७९००

### आवश्यकता

सेक्युरिटी गार्ड:– ४० जना (महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोन: ०२३–५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### जग्गा बिक्रीमा धुरको १ लाख मात्र

चारपानेचोक दक्षिण बिर्तामोड–२ मा प्लटिङ्गको ४० फिट मुख रहेको बिजुली तथा आवास रहेको ०–०–१३ (तेह धुर) जग्गा बिक्रीमा छ ।
सम्पर्क: ९८४२७७४६३०

### छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड–४, झापा
फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र – वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन, पिसथैली विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
डा.रोशन अटल – वरिष्ठ हाडजोर्नी,नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु – वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य – वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर – नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली – वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल – MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS) – वरिष्ठ लिभर (कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ (विर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ।)
डा. मुक्ति आचार्य – MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य – वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ, प्रत्येक बिहिबार
डा.सि.वि झा – वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ, प्रत्येक दिन ३:०० बजे पछी ।

नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

### २४सै घण्टा उपलब्ध सेवाहरु

- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ । शुभचिन्तकलाई बेवास्ता गर्दा दु:ख पाइनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** वादविवाद वा खर्च हुने डरले सताउन सक्छ । इर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुपर्ने समय छ । अर्थ अभावले सताउन सक्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आफ्ना सूचना सम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला । आजको मेहनतले भविष्यमा भने नाम, दाम र प्रतिष्ठा दिलाउने छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । हतारमा निर्णय लिँदा काम दोहोऱ्याउनुपर्ने हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** दिगो काम शुरु गर्ने समय छ । काममा शुभचिन्तकहरूले साथ दिने छन् । दिउँसोदेखि बौद्धिक कलाको प्रभाव बढ्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । आम्दानीका स्रोत बढ्ने छन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अर्थ अभावले सताउन सक्छ । व्यवसायमा फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ । साँझदेखि परिस्थिति अनुकूल बन्नाले महत्वाकांक्षी काम गर्न सफल भइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** तारिफयोग्य कामले प्रशंसक बढ्ने छन् । मेहनतले ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ । यात्राको सम्भावना देखिन्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रयत्न गर्दा व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । आम्दानी बढ्नेछ । श्रमको उचित मूल्य पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । रोकिएको काम बन्नेछ र जिम्मेवारी पनि बढ्नेछ । दिउँसोदेखि अवसरका लागि केही दौडधुप गर्नुपर्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ । भैपरी आउने खर्च बढे पनि यात्राको प्रक्रिया अघि बढाउन सकिनेछ ।

# तडकभडकरहीत तिहार मनाउन आग्रह



**चारपाने, कात्तिक ६।** बिर्तामोड उद्योग बाणिज्य संघको आयोजनामा नेपालीहरुको महान चाड तिहारको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सहभागीलाई स्थानीय उत्पादन सुपारीको टपरा, दुनामा नेपाली मौलिक परिकार सेलरोटी, खिर र विभिन्न अचारहरु खुवाइएको थियो। केही महंगो भए पनि कम्तीमा एक संस्थाले बर्षमा एकपटक मात्र यसरी हाम्रा मौलिक परिकार, स्थानीय उत्पादनको प्रयोग र प्रचार गर्न सके आफ्नो देशको रुपैयाँ अन्य देशमा नजाने व्यवसायी शेरबहादुर थापाले बताए।

त्यसैगरी कार्यक्रममा कलाकार दुर्गा ओलीले गाएको गीतले सबैलाई मन्त्रमुग्ध बनाएको थियो। बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा संविधान सभासदस्य सुधिरकुमार शिवाकोटी, विश्वदीप लिङ्देन, बिर्तामोड नगरपालिकाका प्रमुख धुब्रकुमार शिवाकोटी उपप्रमुख पवित्रा महतरा, नेपाल उद्योग बाणिज्य संघका केन्द्रीय सदस्य उमेश डालमिया, नेकपा झापाका सचिव बिजय साङ्पाङ, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख दिनेशराज मैनाली, उद्योग बाणिज्य महासंघका प्रदेश सदस्य बलराम कार्की लगायतले शुभकामना मन्तव्य राखेका थिए। उनीहरुले तिहार लगायतका पर्वहरु तडकभडक तरिकाले नमनाउन सबैलाई आग्रह गरेका थिए।

कार्यक्रममा स्वागत बरिष्ठ उपाध्यक्ष प्रकाश शिवाकोटीले गरेका थिए भने औचित्यमाथि प्रकाश उपाध्यक्ष राजु न्यौपानेले पारेका थिए। कार्यक्रमको सञ्चालन महासचिव प्रशान्त भण्डारीले गरेका थिए।

# रुखको छहारीमा गोलबद्ध हुन सिटौलाको आव्हान



**बिर्तामोड, कात्तिक ६।** नेपाली कांग्रेसका पूर्वमहामन्त्री तथा पूर्वगृहमन्त्री कृष्णप्रसाद सिटौलाले कम्युनिष्टहरु अधिनायकवादतिर उन्मुख भएकाले छरिएर रहेका लोकतन्त्रवादीहरुलाई नेपाली कांग्रेसको झण्डामुनि गोलबद्ध हुन आव्हान गरेका छन्।

नेपाली कांग्रेस झापा क्षेत्र नं. ३ अन्तर्गत ख प्रदेश क्षेत्रीय समितिको आयोजनामा झापाको बाह्रदशीमा शुभदीपावली तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रममा उनले यस्तो बताएका हुन्। कार्यक्रमका प्रमुख अतिथि समेत रहेका सिटौलाले साना पार्टी र झुण्डमा अल्मलिएर थ्रेसहोल्ड नकटाई समय वर्वाद गर्नुभन्दा कांग्रेसको विशाल लोकतान्त्रिक छहारीमा आउन आग्रह गर्दै भने- 'एउटै छहारीमा बसेर देश र जनताको सेवा गरौं।'

लोकतन्त्र र जनताको सर्वोच्चताको विकल्प नखोज्न नेकपा नेतृत्वको सरकारलाई सुझाव दिँदै नेता सिटौलाले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रमाथिको नागरिक अधिकार बिथोल्न खोजे जनताले राजतन्त्र फालेजस्तै जनताले कम्युनिष्टलाई फाल्ने चेतावनी दिए। देशमा भ्रष्टाचार, महंगी, अनियमितता बढेकोप्रति चिन्ता ब्यक्त गर्दै पूर्व गृहमन्त्री सिटौलाले कम्युनिष्टहरुको अपरिपक्व र उत्ताउला गतिविधिले जनतामा लोकतान्त्रिक प्रणालीप्रति नै निराशा छाएको भनाइ राखे।

कार्यक्रमका विशेष अतिथि तथा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले सबै लोकतन्त्र विरोधीले घेराबन्दी गरेर कांग्रेसलाई चुनाव हराएको भनाई राख्दै जनताले कम्युनिष्ट सत्ता भोगीसकेको हुँदा लोकतान्त्रिक प्रणालीमा जनताले अब लोकतन्त्रवादीलाई नै रोज्ने विश्वास व्यक्त गरे।

नेपाली कांग्रेस झापा प्रदेश क्षेत्रीय समिति ३ (ख)का सभापति नवीन विमलीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेका झापाका संगठन विभाग प्रमुख देउमान थेवे, महासमिति सदस्य भगिरथ पोद्दार, जिल्ला सदस्य दयानन्द गोश्वामी, नेपाल महिला झापा सभापति सुशिला ढकाल, नेपाली कांग्रेस बाह्रदशी गाउँपालिकाका सभापति ओमप्रकाश गौतम, हल्दिबारीका भिम फियाक, साविक बाह्रदशी वार्ड नं. ४का सभापति बुधु राजवंशी लगायतले शुभकामना मन्तब्य राखेका थिए।

कार्यक्रममा नेपाली कांग्रेस झापाका प्रवक्ता लोकराज ढकाल, प्रचार विभाग प्रमुख कृष्ण हुमागाँई, जिल्ला सदस्य विजय रिजाल, नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, सल्लाहकार राजेन्द्र गौतम, नेपाल पत्रकार महासंघ १ नं. प्रदेश सदस्य रेजिना गौतम, बाह्रदशी गाउँपालिका उपाध्यक्ष रत्ना राजवंशी, विर्तामोड नगरपालिका वडा नं. १०का वडाध्यक्ष दुर्योधन गुरुङ, हल्दिबारी वार्ड नं. ४ का वडाध्यक्ष होम चुडाललगायतको आतिथ्य रहेको थियो। ३ नं. क्षेत्रीय सभापति गणेश पोखरेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रकाश भण्डारीले गरेका थिए।

# बिर्तामोडमा 'तिलस्मी'को चर्चा



**बिर्तामोड, कात्तिक ६।** झापाको बिर्तामोडमा आयोजित कार्यक्रमकाबीच गीतकार तथा साहित्यकार डिआरको उपन्यास 'तिलस्मी' को चर्चा परिचर्चा गरिएको छ।

साहित्यिक पत्रकार संघ नेपालको आयोजनामा बिर्तामोडस्थित होटल हिकोला हेरिटेजमा भएको कार्यक्रममा पहिलो संस्करण प्रकाशन भएको ५ महिनापछि नै दोस्रो संस्करण प्रकाशन भएकोउपन्यास 'तिलस्मी' को चर्चा परिचर्चा गरिएको थियो। साहित्यिक पत्रकार संघ नेपालका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा भएको कार्यक्रममा भानु साहित्यिक प्रतिष्ठानका अध्यक्ष ऋषभदेव घिमिरेले उपन्यास 'तिलस्मी' को चर्चा तथा समीक्षा गरेका थिए।

कार्यक्रममा भानु साहित्यिक प्रतिष्ठानका अध्यक्ष घिमिरेले गीतकार तथा साहित्यकार डिआरले उपन्यास 'तिलस्मी' लेखेर पाठकलाई सामाजिक, राजनीतिक र नैतिक सन्देश दिएको बताए। उनले पूर्वी समाजको कथावस्तु समेटिएकाले उपन्यास 'तिलस्मी' ले समाजको वास्तविक चित्रण गरेको बताए।

कार्यक्रममा प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराई, वरिष्ठ साहित्यकार पुण्यप्रसाद खरेल, प्रगतिशिल लेखक संघ झापाका अध्यक्ष राजेन्द्रप्रसाद संग्रौलालगायतले उपन्यास 'तिलस्मी' सामाजिक र यथार्थपरक उपन्यास भएको बताए। कार्यक्रममा गीतकार तथा साहित्यकार डिआरले उपन्यास 'तिलस्मी'को कथावस्तु, पात्र र चरित्रका कारण बजारमा आइरहेका अन्य उपन्यासहरुभन्दा फरक भएकाले पाठकले रुचाउने बताए। उपन्यास 'तिलस्मी' युवा केन्द्रीत उपन्यास भएको र यसमा एउटा युवाले आफ्नो सफलताका लागि हात पार्ने मेहनतको कथा समेटिएको उनले बताए।

उपन्यास 'तिलस्मी' मा सम्भ्रान्त र अति विपन्न वर्ग बीचको कथा समेटिएको बताउँदै उनले राजनीतिक र सामाजिक प्रयासबाट मेटाउन नसकिएको सम्भ्रान्त र अति विपन्न वर्ग बीचको पर्खाल एउटा बालकको सकारात्मक हठले तोड्न सफल भएको बताए। लेखक राईले आफूले धेरै मेहनत गरेर लेखेको उपन्यास 'तिलस्मी' ले वर्गीय खाडल, जातीय विभेद र त्यसबिरुद्धको बिद्रोहको भावना अभिब्यक्त गरिएको र नयाँ पुस्ताको लागि सकारात्मक सोचको विकास हुने बताए। शिखा बुक्सले प्रकाशन गरेको पुस्तकको मूल्य ३ सय ९५ रुपैयाँ रहेको छ।

गीतकारको छवी बनाएका डीआरको यो आख्यान पहिलो कृति भए पनि उनले हालसम्म ५ वटा गीति संग्रह सार्वजनिक गरेका छन् भने चारवटा पुस्तक प्रकासित गरेका छन्। इलाम घर भएका डीआरको वास्तविक नाम दिनेशकुमार राई भए पनि उनी आफनो डीआर भन्ने उपनामबाट परिचित छन्। कार्यक्रममा साहित्य चौतारी झापाका संरक्षक संस्थापक देवीभक्त श्रेष्ठ, साहित्यकारहरु जयप्रसाद आचार्य, कृष्णप्रकाश सुमार्गी, लीला अनमोल, दुस्यन्त भट्टराई, भगवती ढुंगेल, मातृकाप्रसाद संग्रौला, तुलसी भट्टराई, नारी कल्याण संघ झापाकी अध्यक्ष प्रेमा भट्टराई लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन पत्रकार तुलसीप्रसाद निरौलाले गरेका थिए।

## बलात्कारपछि ...

थिए। सो अवधि कट्टा गरेर उनलाई १९ वर्ष २ महिना जेलमा राख्न सर्वोच्च अदालतले ०६६ सालमै फैसला सुनाउँदा उनी अमेरिका पुगिसकेका थिए।

**गौतम यसरी भेटिए अमेरिकामा**

सर्वोच्च अदालतले १९ वर्ष दुई महिना कैद गर्न आदेश दिएका गौतम अमेरिकामा रहेको गतवर्ष मात्र खुलासा भएको हो। सन् २०१८ जनवरी ५मा गौतम अमेरिकामा रहेको सुइँको नेपाल प्रहरीले पाएको थियो।

०७४ साल असोज २६ गते प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोबाट गौतमलाई पक्राउका लागि रेड कर्नर नोटिस जारी गरिदिन इन्टरपोल वाशिङ्टनलाई पत्राचार गरिएको थियो। सोही पत्रका आधारमा मंसीर १२ गते रेड नोटिस जारी भएको थियो।

नेपाल प्रहरीले इन्टरपोललाई उपलब्ध गराएका सम्पूर्ण कागज पत्रका आधारमा २०१८ फेब्रुअरी १३मा गौतमलाई अमेरिकी प्रहरीले पक्राउ गरेको थियो। पक्राउ परेको करिब डेढ वर्षपछि उनी नेपाल प्रहरीको नियन्त्रणमा आइपुगेका छन्।

**कालले छाड्ला प्रहरीले छाड्दैन्: एसपी मैनाली**

जिल्ला प्रहरी कार्यालय झापाको नेतृत्व सम्हाल्न आए लगत्तै भएको पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक दिनेशराज मैनालीले प्रहरी पछि लाग्ने काम नगर्न आग्रह गर्दै भनेका थिए-प्रहरीपछि लाग्ने काम नगर्नुहोस्, कालले छाड्ला प्रहरीले छाड्दैन।

उनले झापाको शान्ति सुरक्षाका लागि कसैसँग सम्झौता नगर्ने बताए। एसपी मैनालीले अपराध गरेर विश्वका जुनसुकै स्थानमा पुगेपनि दोषीलाई पक्राउ गरी छाड्ने प्रतिबद्धता जनाए।


## गिटी बालुवा चाहिएमा

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला।
फोन: ९८४२६५४४००/९८०४९५४४००

## फर्निचरसहितको अफिस बिक्रीमा

बिर्तामोड भद्रपुर बस स्टेण्ड अगाडि चलिरहेको अफिस (सामान नयाँ रहेको), पार्किङ स्थल भएको अफिस बिक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला।
मो. ९८२५९३३६६७

## कर्मचारी आवश्यकता

सयपत्री होटल एण्ड लजमा १ जना रुमब्वाईको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
तलबः आपसी समझदारीमा
खानबस्न सुविधा भएको।
मो. ०२३-५४२१५०

## कर्मचारी तु-चाहियो

चालू अवस्थाको एक रेष्टुरेण्टका लागि निम्न कर्मचारी तु-आवश्यकता।
किचन हेल्पर : २ जना (महिला)
वेटरः २ जना (पार्ट टाइम जब गर्ने युवा)
तलब : आपसी समझदारीमा।
सम्पर्क :९८०४९२९३३१

## प्याकेजिङ्ग हेल्पर, मेशन, स्टिल पिक्चरलाई २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Masson | ५० | 1300/- DHS | | | | |
| Labure hlper | ५० | 884/-DHS | | | | |
| Steel fixter | ५० | 1300/-DHS | | | | |

२१ दिनमा उड्न सक्नेले मात्र सम्पर्क गर्नुहोला।
फाइनल अन्तरवार्ता यही कात्तिक १६ गते शनिवार बिर्तामोडमा हुँदैछ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि.(
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| निर्मलाकुमारी राजवंशी | कारोबारी-६ | ५४४ | ०-७-१० | मेजवानी राजवंशी |
| " | कारोबारी-६ | ६२७ | ०-३-७ | मेजवानी राजवंशी |
| " | कारोबारी-६ | ६६३ | ०-६-५ | मेजवानी राजवंशी |
| सत्यनारायण राजवंशी | कारोबारी-२ | ११५ | ०-०-८ | भावन राजवंशी |
| " | कारोबारी-२ | १०६५ | ०-१७-१० | भावन राजवंशी |
| कमला बा. पाण्डे | बाहुनडाँगी-२ | १०० | १-८-५ | नर सिं गोयल |
| कमला बा. पाण्डे | बाहुनडाँगी-२ | १०१ | १-२-१० | पिताम्बर गोयल |
| रण बा. अधिकारी | बाहुनडाँगी-२ | १८७ | १-३-० | बुद्धिलाल थारु |
| बर्त राजवंशी | दुहागढी-६ | ८२३ | ०-३-१० | सुरसलाल/सरसलाल राजवंशी |
| श्रीप्रसाद आचार्य | जुरोपानी-७ | ५४५ | ६६०.०० | चैतन राजवंशी |
| विष्णुभक्त मिश्र | बनियानी-८ | ४१ | ३७५०.०० | चोपरो राजवंशी |
| विष्णुभक्त मिश्र | बालुबाडी-२ | ४१ | | चोपरो राजवंशी |
| सुमिन्द्र गणेश | टाघनडुब्बा-४ | ४०१ | १८५२.०७ | लाधु/माधु गणेश |
| हरिमोहन गणेश | कुमरखोद-२ | ३१४ | २४०.०० | जेठा टुडु/नाइके टुडुसतार |
| मोहनलाल गणेश | कुमरखोद-२ | ५७८ | १०१५.८९ | विराम टुडु सतार |





## बिर्तामोड नगरपालिकाको अनुरोध

१) चाडबाडको समयमा हुनसक्ने घटनाबारे बेलैमा सचेत बनौं। घरबाहिर निस्कँदा राम्रोसँग तालाचाबी लगाएर मात्र निस्कौं। टोल समाजमा हुनसक्ने सम्भाबित बिपत्तिबारे बेलैमा सचेतनता अपनाऔं। कुनै घटना, दुर्घटना भएमा बेलैमा प्रहरीमा खबर गरौं।
२) चाडबाडको बेला खानपिनमा बिशेष ध्यान दिऔं। आफ्नो स्वास्थ्य र सुरक्षा प्रति सजगता अपनाऔं।
३) बजार क्षेत्रको सुन्दरताको ख्याल गरौं। जथाभावी फोहर मैला नगरौं। फोहर मैलाको बर्गिकरण गरेर नगरपालिका फोहर उठाउन आउने गाडीको जिम्मा लगाऔं। जथाभावी फोहर नफ्यालौं।
४) खाद्य सामग्रीको खरिद बिक्रीमा बिशेषरुपमा सजग बनौं। बस्तुको बास्तबिक मूल्यमा खरिद बिक्री गरौं। मूल्य सूची राखौं। बस्तुको खरिद गर्दा मूल्य सूची हेरेर खरिद गर्ने प्रचलन चलाऔं। जथाभावी गरेर बढी मूल्य लिएको पाइएमा अथवा अखाद्य बस्तुको बिक्री भइरहेको पाइएमा प्रहरी, प्रशासनमा खबर गरौं।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## मनकामनामा सामुहिक देउसीभैलो



**बिर्तामोड, कात्तिक ६।** बिद्यालयमा अध्ययनरत् बिद्यार्थीहरुलाई कितावी ज्ञानसँगै धार्मिक तथा सांस्कृतिक ज्ञान दिने उद्देश्यले बिर्तामोडस्थित मनकामना सेकेण्डरी स्कूलमा देउसीभैलो कार्यक्रम सम्पन्न भएको छ।

नेपालीहरुको महान पर्व तिहारको अवसरमा विद्यालयमा रहेको सगरमाथा टिन्स क्लवको आयोजना तथा उज्यालो मनकामना बालक्लब र कक्षा १० को लालीगुराँस क्लवको संयोजनमा भएको कार्यक्रममा विद्यार्थीहरुले देउसीभैलो खेल्नुका साथै तिहार सम्बन्धी गीतमा नृत्य गरेका थिए।

विविध धर्म र सम्प्रदायका बालबालिका विद्यालयमा पढ्ने हुँदा परम्परागत रुपमा खेलिने देउसी र भैलो खेलिएको र मौलिक संस्कृतिमा रमाउन पाएकोमा विद्यार्थीहरुले खुशी व्यक्त गरेका थिए। कार्यक्रममा कक्षा नर्सरीदेखि कक्षा १० सम्मका विद्यार्थीहरुको सहभागिता रहेको सगरमाथा टिन्स क्लबकी सचिव श्रेया ढुंगानाले जानकारी दिइन्।

मौलिक परम्परा पर्वहरुभित्र पर्ने हुँदा विद्यार्थीहरुमा संस्कारको विकास गर्न साथै धार्मिक सहिष्णुता कायम गराउन विद्यालयमा देउसीभैलो कार्यक्रमको आयोजना गरिएको विद्यालयका प्रिन्सिपल केशव ढुंगानाले बताए। आपसी भाइचारा र राष्ट्रिय पर्वको जगेर्ना गर्नु हाम्रो कर्तव्य पनि भएकाले अभिभावकसहित देउसी खेल्न पाउँदा खुशी मात्र होइन यसको महत्व बुझ्न पाएको विद्यालयकी क्याप्टेन अनुषा नेङ्वाङ बताउँछिन्।

आफ्ना नानीहरुले खुलेर देउसीभैलो गाएको र खेलेको देख्दा खुशी लागेको अभिभावक बन्दना अधिकारीले बताइन्। आपसी भाइचारा र राष्ट्रिय पर्वको जगेर्ना गर्नु कर्तव्य पनि भएकाले विद्यार्थीहरुलाई धर्म, संस्कृति सम्बन्धी जानकारी गराउन कार्यक्रमको आयोजना गरिएको भाइस प्रिन्सिपल ध्रुव गौतमले बताए। उक्त देउसीभैलो कार्यक्रममा संकलित रकमले सामाजिक कार्य गर्ने सगरमाथा टिन्स क्लवकी अध्यक्ष एरिका थापाले बताइन्।

### चालक सम्मान अभियान प्रभावकारी नभएकै हो त ?

# झापामा तीन महिनामा ११ जनाको ज्यान गयो

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, कात्तिक ६।** चाडपर्वका बेला सवारी दुर्घटनामा कमि ल्याउन ट्राफिक प्रहरीले शुरु गरेको चालक सम्मान अभियान झापामा प्रभावकारी नभएको पाइएको छ। चाडपर्वको समयमा अधिक सवारी दुर्घटना हुने भएका कारण दुर्घटना हुनबाट बच्न र बचाउन प्रहरीले देशभर चालक सम्मान अभियान शुरु गरेको थियो।

चालू आर्थिक वर्षको बितेको पहिलो तीन माहिनामा झापामा भएका सवारी दुर्घटनामा परी ११ जनाले ज्यान गुमाएका छन्। सबैभन्दा बढी असोज महिनामा दशैंताका मात्र एकजना नाबालकसहित सात जनाले सवारी दुर्घटनामा ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ।

कार्यालयका अनुसार जिल्लामा तीन महिनामा कूल ६० वटा दुर्घटना हुँदा ११ जनाको सवारी दुर्घटना परेर ज्यान गएको हो। असोजमा मात्र २४ वटा दुर्घटना हुँदा सात जनाको ज्यान गएको छ। साउन र भदौमा २/२ जनाको ज्यान गएको कार्यालय प्रमुख प्रहरी निरीक्षक होमप्रसाद अधिकारीले बताए। उनका अनुसार साउन र भदौ महिनामा क्रमशः १४ र २२ वटा दुर्घटना भएका थिए। अधिकांश दुर्घटना साँझको समयमा हुने गरेको छ।

सोही अवधिमा कार्यालयले कारवाही स्वरुप एक करोड १७ लाख ३१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। सवारी नियम उल्लंघन गर्ने साधनलाई कारवाही स्वरुप साउनमा ३२ लाख ६९ हजार पाँच सय, भदौमा ४८ लाख ९३ हजार पाँच सय र असोजमा ३५ लाख ६८ हजार रुपैयाँ जरिवाना गरेको थियो।

अधिकांश दुर्घटना चालकको लापरवाहीले हुने निष्कर्ष निकाल्दै चालकहरुकै लापरवाहीका कारण हुने सडक दुर्घटना न्यूनीकरणका लागि सरकारले प्रभावकारी कार्यक्रमहरु सिर्जनशील जनचेतनामूलक काम गर्दै हरेक चालकहरुलाई आफ्नो जिम्मेवारप्रति इमान्दारीपूर्वक सजग रहन प्रेरणा र हौसला मिलोस् भन्दै अभियान सञ्चालन गरेको थियो। प्रहरी प्रधान कार्यालयले ७० प्रतिशतभन्दा बढी दुर्घटना चालकको लापरवाही हुने गरेको विश्लेषण गरेको छ। १० हजार १३ वटा दुर्घटनामध्ये सात हजार चार सय ३२ वटा घटना चालकको लापरवाहीले भएको प्रहरीको तथ्यांक छ। तर, यातायात व्यवसायी यससँग सम्वद्ध संघ-संस्था यसलाई स्वीकारदैनन्। सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक सचेतना कार्यक्रम गर्नु ट्राफिक नियमबारे सम्बद्ध पक्षलाई जानकारी गराउनु र नियम पालना नगर्नेलाई कारवाही गर्नु ट्राफिक प्रहरीले निर्वाह गर्नुपर्ने दायित्व नै भए पनि ट्राफिक प्रहरीको हेलचेक्र्याइँ दण्डहिनता, सवारीसाधनको बढ्दो चाप सडकको जीर्ण अवस्था नियम कानूनमा बाँधिन नचाहने प्रवृत्ति नै ट्राफिक व्यवस्थापनको मुख्यः चुनौति बनेका छन्।

धेरै सवारी दुर्घटना तीव्रगति, मादकपदार्थ सेवन गरेर, यात्रुको गल्तीका कारण, सडकको अवस्था, प्रतिस्पर्धा, यान्त्रिक गडवडी, ओभरलोड, चौपाया मौसमको कारण भएको तथ्यांक छ। तर, सडकमा पालना गर्नैपर्ने नियमको यातायातकर्मीले धज्जी उडाउँदा अनाहकमा धेरै सर्वसाधारणको ज्यान गइरहेको प्रहरीको भनाई छ।

सवारीसाधनको अवस्था समय-समयमा दुरुस्त रहेको नरहेको चेकजाँच गर्न, यात्रुहरुको संख्या, नाम र ठेगानाको अभिलेख राख्न, चालकले सवारीको गन्तव्य, लाग्ने समय, रोकिने स्थानहरुको बारेमा प्रस्थान हुनु पूर्व सबैलाई अनिवार्य सवै जानकारी दिन, यात्रुहरुसँग मित्रवत व्यवहार गर्न, यात्रुमैत्री, गति सिमित गर्न, ट्राफिक नियमको पूर्णपालना गर्न, यात्रुहरुको सामानहरुको सुरक्षाको प्रबन्ध मिलाउन, छुटेमा नजिकको प्रहरी कार्यालयमा बुझाउन, सिट क्षमताभन्दा बढि तथा छतमा यात्रु नराख्न, घटना सम्बन्धमा तत्काल जानकारी दिन र सम्पर्क गर्ने कुरामा चालक तथा परिचालकले ध्यान दिनुपर्ने प्रहरी निरीक्षक अधिकारीको भनाई छ।

सवारीसाधनमा यात्रा गर्दा आफ्नो सरसामानहरुको बारेमा चालक तथा सहचालकलाई जानकारी गराउने, ज्येष्ठ नागरिक, महिला बालबालिकालाई सम्मान गर्ने, मादकपदार्थ सेवन गरेर यात्रा नगर्ने, अनावश्यक हरकत, हल्ला, क्रियाकलाप नगर्नै, चालक तथा सह चालकले मादकपदार्थ सेवन गरेको थाहा पाए तुरुन्त प्रहरीलाई जानकारी गराउने, मूल्यवान वस्तु लगाएर सकेसम्म यात्रा नगर्ने लगायतका कुरामा यात्रुले ध्यान दिनुपर्ने नेपाल यातायात मजदुर संघका विदेश विभाग सहसंयोजक एवम् सगरमाथा यातायात प्रालिका प्रवन्ध निर्देशक बशन्त तिवारीको भनाई छ।

दुर्घटनाका कारण सयौंको घरवार उजाडिएका छन् दुर्घटनाकै कारण थुप्रैको जीवन अपाङ्ग भएर जीवन मरनको दोसाधँमा रहेर मर्नु न बाच्नु सरह बनेको छ। क्षमताभन्दा बढी यात्रु न ओसार्न, यात्राका क्रममा मदिरा सेवन नगर्न र यात्रुहरसँग नम्र भएर प्रस्तुत हुन चालक, सहचालक परिचालकहरुलाई सहसंयोजक तिवारीले आग्रह गरे।

नेपाल प्रहरीको तथ्यांक अनुसार नेपालमा बितेको वर्ष भएका १० हजार नौ सय ६५ वटा सवारी दुर्घटनामा परेर दुई हजार पाँच सय ४१ जनाको ज्यान गएको थियो। सोही दुर्घटनामा १२ हजार तीन सय ९१ जना घाइते भए। विगत पाँच वर्षको प्रहरी तथ्यांकले सवारी दुर्घटनमा मृत्यु र घाइतेको संख्या क्रमिकरुपमा बृद्धि भएको देखाएको छ। प्रहरीका अनुसार पाँच वर्षमा दुर्घटनाको संख्यामा ३०, मृत्युमा ४२ र घाइतेको संख्यामा ८ प्रतिशतले वृद्धि भएको छ।

## तास खेल्ने १३ जना पक्राउ



**विराटनगर, कात्तिक ६।** सुनसरी र मोरङका दुई छुट्टाछुट्टै स्थानबाट तास खेलिरहेका १३ जनालाई नियन्त्रणमा लिइएको छ।

मोरङको कटहरी गाउँपालिका-२ सुरेश मण्डलको घरमा तास खेलिरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले घर धनीसहित स्थानिय मुनेश्वर मरिक, दीपक मरिक, शिवेन्द्र मरिक, मोहम्बर साफी र दिरज गुप्तालाई नियन्त्रणमा लिएको हो। उक्त तासको खालबाट प्रहरीले एक बुङ तास र नगद ६८ हजार नौ सय ६० समेत बरामद गरेको छ।

त्यसैगरी सुनसरीको ईनरुवा नगरपालिका-१ मा रहेको नम्रता होटलामा तास खेलिरहेको भन्ने सूचना पाएसँगै जिल्ला प्रहरी कर्यालय सुनसरीबाट गएको प्रहरीको टोलीले स्थानीय प्रदिपकुमार साह, रवी साह, राजकुमार साह, शम्भुकुमार साह, हसवुल मन्सुरी, रामबहादुर तामाङ र रामानन्द मण्डललाई नियन्त्रणमा लिएको हो।

तासको खालबाट प्रहरीले सात थान मोबाइल, नेपाली रुपैयाँ ८१ हजार पाँच सय ७० र भारतीय रुपैयाँ छ हजार छ सय ८० बरामद गरेको छ।

## फरार प्रतिवादी दुई बर्षपछि पक्राउ

**मोरङ, कात्तिक ६।** कर्तब्य ज्यान मुद्दाका फरार प्रतिवादीलाई दुई बर्षपछि प्रहरीले पक्राउ गरेको छ।

गत २०७५ असार ११ गते रंगेली नगरपालिका-९ का ६४ बर्षीय पहाडचन राजवंशीलाई धारिलो हतियार प्रहारबाट हत्या गरी फरार रहेका स्थानीय १९ बर्षीय भरतलाल राजवंशी लामो समयसम्म फरार रही हाल गाउँघरमा रहेको भन्ने सूचना पाएसँगै इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले गाउँघरमा लुकीछीपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

## करणी गरेको अभियोगमा पक्राउ

**उदयपुर, कात्तिक ६।** १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा त्रियुगा नगरपालिका-१६ सिम्लेका २२ वर्षीय रामकुमार राईलाई प्रहरीले पक्राउ गरेको छ।

ती किशोरीलाई स्कूलबाट घर फर्कने क्रममा सोही ठाउँस्थित रातापानी भन्ने स्थानमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुना साथ प्रहरी चौकी सुकौराबाट गएको प्रहरीले राईलाई पक्राउ गरेको हो।

## मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**पाँचथर, कात्तिक ६।** पाँचथरको कुम्मायक गाउँपालिका-५ का २७ बर्षीय सुनिल सम्बाहाम्फेको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको छ।

पाँचथरको जोरपोखरीबाट फिदिमतर्फ आउँदै गरेको को १२ प २६२ नम्बरको मोटरसाइकल सल्लेरी भन्ने स्थानमा ना ३ ख ५६९० नम्बरको ट्रकलाई ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका मोटरसाइकल चालक सम्बाहाम्फेको उपचारको लागि जिल्ला अस्पताल पाँचथर लगिएकोमा उपचारमा संग्लग्न चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

## लागूऔषधसहित दुई पक्राउ

**काठमाडौं, कात्तिक ६।** शंखरापुर नगरपालिका-३ जरसिंह पौवाबाट सोही ठाउँस्थित नाङ्लेभारेका २९ वर्षीय दीपक तामाङलाई अवैध लागूऔषध चरेश जस्तो देखिने वस्तु करिब एकसय ग्रामसहित प्रहरीले पक्राउ गरेको छ।

महानगरीय प्रहरी प्रभाग साँखुबाट गएको प्रहरीले जाँच गर्ने क्रममा उनलाई पक्राउ गरेको हो। सर्लाही, ब्रहरमपुरी गाउँपालिका-३ झिमपुलस्थित सडकबाट नियन्त्रित लागूऔषध नाइट्राभेट एक हजार चार सय १० ट्याब्लेट, स्पास्मो प्रोक्सिभोन आठ ट्याब्लेट, डाइलेक्स सिडी तीन बोतल, कोसोम-एलसिडी तीन बोतल र एकथान मोबाइलसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सर्लाही चन्द्रनगर गाउँपालिका-५ का १९ वर्षीय सुनिलकुमार राम र चक्रघट्टा गाउँपालिका-२ का २० वर्षीय सचिनकुमार यादव रहेका छन्।

प्रहरी चौकी त्रिभुवननगरबाट गएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरुलाई जाँच गर्ने क्रममा उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

## पटका ओसारपसारमा संलग्न तीन पक्राउ

**झापा, कात्तिक ६।** प्रहरीले विभिन्न स्थानबाट बिष्फोटकजन्य पदार्थ पटका बरामद गरेको छ भने पटका ओसार-पसारमा संग्लग्न दुई जनालाई नियन्त्रणमा लिएको छ।

पटका ओसार पसारमा संलग्न रहेका सुनसरीको धरान उपमहानगरपालिका-११ का ३० बर्षीय गणेश विक र इटहरीका २७ बर्षीय सन्तोष नेपाललाई भोक्राहा नरसिङ गाउँपालिका-३ बाट पाँच हजार बराबरको पटकासहित पक्राउ गरिएको हो। त्यसैगरी झापाको भद्रपुर नगरपालिका-३ बाट ५० हजार बराबरको पटका बरामद भएको छ भने मोरङको धनपालथान गाउँपालिका-२ पैठा चोकबाट १२ हजार बराबरको बिष्फोटकजन्य पदार्थ पटका बरामद भएको छ।

उता काठमाडौं महानगरपालिका-१२ टेकुबाट भारत मोतीहारी घर भएका जग्गा प्रसाद जैसवाललाई पाँच बोरा पटकासहित प्रहरीले पक्राउ गरेको छ।

सोही ठाउँस्थित जैसवालको कस्मेटिक पसलमा बिक्री वितरण लागि लुकाईछिपाई राखेको अवस्थामा उक्त पटाका फेला पारी पटकासहित उनलाई महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

मोरङ, धनपाल थान गाउँपालिका-२ बाट नागिन पटाका ५० प्याकेट, किङ कोब्रा पटाका ५० प्याकेट, सानो चक्र पटाका आठ प्याकेट, ठूलो चक्र पटाका तीन प्याकेट, फुलझरी १९ प्याकेट, मैनवती १० प्याकेट र चकलेट बम आठ प्याकेट पटाका प्रहरीले बरामद गरेको छ। भारतबाट अवैध रुपमा नेपालतर्फ साईकलमा ल्याउँदै गरेको उक्त पटाकाहरु प्रहरी चौकी अमाहीवरियातीबाट खटिएको प्रहरीलाई देख्नासाथ छाडेर मानिसहरु फरार भएपछि प्रहरीले बरामद गरेको हो।

## अर्जुनधारामा 'नेमोएने'को शाखा



**अर्जुनधारा, कात्तिक ६।** नेशनल मोर्डन एग्रीकल्चर नेपाल अर्जुनधारा शाखा कार्यालयको एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ।

संस्थाका केन्द्रीय अध्यक्ष धनपति आचार्यको अध्यक्षतामा आयोजित कार्यक्रममा उक्त कार्यालयको प्रमुख अतिथि नगर प्रमुख हरिकुमार रानाले उद्घाटन गरेका थिए।

झापाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको उक्त संस्थाले कृषकहरुको सजिलो र सहज, आत्मनिर्भरसँगै विकास गर्ने उद्देश्यले कृषि वन तथा पशु उत्पादन परियोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको बताइएको छ।

कार्यक्रममा अर्जुनधारा-८ का वडाध्यक्ष गोपीचन्द्र गौतम, नगर पशुपंक्षी, मत्स्य विकास शाखाका प्रमुख पदमलाल राई, नेपाल रेडक्रस सोसाइटी शनिश्चरे उपशाखाका सचिव कृष्णप्रसाद भट्टराई लगायतको आतिथ्य रहेको थियो।

एचआर संयोजक बीनादेवी पराजुली खतिवडाले संस्थाबारे जानकारी गराएको कार्यक्रममा स्वागत परियोजना प्रमुख रमा राउतले र व्यवस्थापक प्रेमसागर घिमिरेले सञ्चालन गरेका थिइन्।

# कतारी घोषणाले नेपाली श्रमिक खुशी

**झापा, कात्तिक ६।** नेपालीको प्रमुख श्रम गन्तव्य रहेको कतारले आफ्नो श्रम कानूनमा व्यापक सुधार गर्ने घोषणा गरेसँगै लाखौंको संख्यामा रहेका आप्रवासी कामदार लाभान्वित हुने भएका छन्।

लामो समयदेखि आप्रवासी कामदारका क्षेत्रमा क्रियाशील संघ-संगठनले आवाज उठाउँदै आएका विषयलाई सम्बोधन गर्ने गरी कतार सरकारले श्रम कानूनमा व्यापाक सुधार गर्ने घोषणा गरेको छ। कफला प्रणालीको अन्त्य गर्ने र प्रवासी कामदारको अधिकारको संरक्षणमा महत्वपूर्ण कदम चाल्ने लक्ष्यका साथ कतार सरकारले सुधारको घोषणा गरेको हो।

गत असोज २९ गते कतारको राज्यमन्त्री परिषद्ले सर्वसम्मतिबाट रोजगारदातालाई स्वतन्त्र रूपमा श्रमिकलाई कामको परिवर्तन गर्न अनुमति दिने नयाँ कानूनको समर्थन गरेको छ। त्यस्तै कतारको मन्त्रिपरिषद्ले मध्यपूर्वमा पहिलो पटक कामदारलाई भेदभाव नगरी विभेदरहीत न्यूनतम ज्याला स्थापना गर्न नयाँ कानूनको अनुमोदन समेत गरेको छ।

यसअघि मध्यपूर्वका कुनै पनि मुलुकमा सरकारका तर्फबाट श्रमिकको न्यूनतम् पारिश्रमिक तोकिएको थिएन। रोजगारदाता र श्रमिकको समझदारीका आधारमा पारिश्रमिक निर्धारण हुँदै आएको थियो। यससँगै नेपाली कामदारले तलब नपाउने प्रवृत्तिको पनि अन्त्य हुने विश्वास गरिएको छ। त्यस्तै नेपाली र अन्य मुलुकका कामदारका बीचमा हुने विभेद अन्त्य हुनेछ।

त्यसैगरी कतारबाट बर्हिगमनका लागि आवश्यक पर्ने 'एक्जिट' अनुमति अनिवार्यको व्यवस्था हटाइएको छ। नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि सेनाका कर्मचारीबाहेक सबै कामदारको लागि 'एक्जिट' अनुमतिको आवश्यकता नपर्ने अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले जनाएको छ।

यस व्यवस्थासँगै घरेलु कामदार, कतारमा सरकारी र सार्वजनिक संस्थामा कार्यरत् श्रमिक, समुद्र र कृषि क्षेत्रमा कार्यरत् साथै अनौपचारिक कामदार अस्थायी वा स्थायीरूपमा आफ्नो रोजगारदाताको अनुमतिबिना नै देश छाड्न सक्ने छन्।

**कतारी घोषणाको चौतर्फी स्वागत**

श्रम कानूनको व्यापक सुधार गर्ने कतारको घोषणाको चौतर्फी स्वागत गरिएको छ। श्रम तथा आप्रवासनका क्षेत्रमा वकालत गर्दै आएको विभिन्न अन्तर्राष्ट्रिय निकायले सो निर्णयको स्वागत गरेका छन्।

कतार सरकारको कदमको स्वागत गर्दै आइएलओले भनेको छ, कतार सरकारले गरेको यी सुधारको आइएलओले स्वागत गर्दछ र यसले श्रम बजारलाई रूपान्तरण गर्ने कतारको प्रतिबद्धतालाई मान्यता दिनेछ।

आइएलओका महानिर्देशक गाय राइडरले यी चरणहरूले आप्रवासी कामदारहरूको अधिकारलाई ठूलो समर्थन गरेको बताए। कतारमा चलिरहेको आईएलओ प्राविधिक सहयोग कार्यक्रमले सामाजिक न्यायलाई अगाडि बढाउन र कामलाई प्रोत्साहित गर्न सरकारको प्रयासमा ठोस योगदान पुऱ्याएकोमा म खुशी छु- महानिर्देशक राइडरको भनाइ उदृत गर्दै आइएलओले जनाएको छ।

त्यस्तै अन्तर्राष्ट्रिय ट्रेड युनियन कन्फेडेरेशन (आइटियूसी) ले पनि नयाँ कानूनले कफला प्रणालीको अन्त्य गर्ने र आधुनिक औद्योगिक सम्बन्ध स्थापना गर्ने विश्वास व्यक्त गरेको छ। कतार परिवर्तन भइरहेको छ। हामी सरकारलाई यो छिटोभन्दा छिटो घोषणा कार्यान्वयन गर्न आग्रह गर्दछौं- आइटियूसीका महासचिव शरण बुरोले भनेका छन्। आईटीयूसीको सहयोगमा कतार सरकार र आइएलओबीचको साझेदारीले जीवन परिवर्तन गर्ने काम गरिरहेको छ।

रोजगारदाताको अन्तर्राष्ट्रिय संगठन (आइओइ)ले कतार सरकारलाई उनीहरूको श्रम बजार मापदण्ड अनुकूलन गर्न उठाएका ठूला कदमका लागि बधाई ज्ञापन गरेको छ। आइओइले भनेको छ- सभ्य काम र दिगो अर्थ व्यवस्थालाई कतारको विकासको केन्द्रबिन्दु बनाउनका लागि यस प्रक्रियामा नेतृत्व लिइरहेकाहरूप्रति हामी कृतज्ञता व्यक्त गर्न चाहन्छौं।

**नेपाली श्रमिक खुशी**

कतारको सो घोषणासँगै त्यहाँ कार्यरत् नेपाली कामदारले खुशी व्यक्त गरेका छन्। कतार सरकारको घोषणाले छिट्टै मूर्तरुप लिने उनीहरुको विश्वास छ। कतारले यसअघि नै कफला प्रणालीको अन्त्य गरिने जनाए पनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको थिएन। यद्यपि कतारले यसअघि पनि यस सम्बन्धी कानूनलाई केही खुकुलो बनाएको थियो।

झण्डै एक दशकदेखि कतारमा कार्यरत् गोरखाका रामेश्वर नराललले कतार सरकारको सो निर्णयबाट नेपाली कामदार निकै खुशी भएको बताए। कतारमा करिब पाँच लाखभन्दा बढी नेपाली श्रमिक कार्यरत् रहेका छन्। त्यस्तै चितवनका ईश्वर पौडेलले कतार सरकारको घोषणा कडाइका साथ कार्यान्वयन भएमा थुप्रै नेपाली कामदार लाभान्वित हुने बताए। न्यूनतम् पारिश्रमिक तोक्ने घोषणाले श्रमिकको पारिश्रमिक सुनिश्चित हुनेछ -उनले भने।

**के हो कफला प्रणाली ?**

खाडी राष्ट्र साउदी अरेविया, बहराइन, कुवेत, कतार, संयुक्त अरब इमिरेट्स (युएई), ओमानका अतिरिक्त मध्यपूर्वका अन्य केही मुलुकमा त्यहाँका कम्पनी तथा रोजगारदाताले विदेशी कामदार मगाउने र काममा लगाई आफ्नै संरक्षणमा राख्ने प्रक्रियालाई कफला प्रणाली भनिन्छ। यसरी संरक्षकत्व प्रदान गर्दै रोजगारी, औषधोपचार, खाना ताथ बस्ने ठाउँ प्रदान गर्ने परम्पराको विकसित रुप नै कफला प्रणाली हो।

यस अन्तर्गत रोजगारदाता वा कम्पनीले विदेशी कामदारलाई करार अवधिको अन्त्य नभएसम्मका लागि प्रयोजन गरेर अनुबन्धित गर्ने गर्दछन्। कफला प्रणाली अन्तर्गत काम गर्न जाने कामदारले करार अवधिभर आफ्नो मालिक/कम्पनी बदल्न निषेध गरिएको हुन्छ। करारमा तोकेकोभन्दा फरक रोजगारदाताकोमा काम गरेको पाइएमा कानूनको उल्लंघन गरेको ठहरिन्छ र कानूनतः दण्डनीय हुने कानूनी व्यवस्था रहेको छ।

राहदानी लगायत कानूनी कागजपत्र प्रायोजक वा मालिकले राख्दछ र रोजगारदाताले आफूले करार गरेको अवधिभरी कामदारलाई पूर्ण नियन्त्रणमा राख्दछ। यसरी मालिक वा रोजगारदाता छाडी अर्कामा काम गर्न जानु कफला प्रणाली अन्तर्गत गैरकानूनी मानिन्छ। करार अवधि समाप्तिपछि रोजगारदाता/मालिकको अनुमति लिएर मात्र आफ्नो देश फर्कन पाइन्छ।

**सन् २०२० बाट कार्यान्वयनमा आउने**

कतार सरकारको सो घोषणालाई कहिलेदेखि कार्यान्वयनमा आउँछ भनेर आम आप्रवासी कामदारले हेरिहेका छन्। साथै उनीहरुले कार्यान्व्यनका क्रममा व्यवहारिक समस्या देखिने हो कि भनेर चिन्ता समेत व्यक्त गरेका छन्।

अहिले तयार भएको मस्यौदा कानून सल्लाहकार (शूरा) काउन्सिलमा पठाइनेछ। कतारी अमीरको स्वीकृति र हस्ताक्षर पछि मात्र कार्यान्वयनमा आउनेछ। यो विधान जनवरी २०२० सम्म कार्यान्वयन हुने आशा गरिएको छ।